# जिल्ला विपद् व्यवस्थापन नीति २०७२

## पृष्ठभूमिः

कैलाली जिल्लाको विपद्को इतिहास अध्ययन गर्ने हो भने भूकम्प, पहिरो, बाढी, हुरिबतास,चट्याङ, आगलागी, शितलहर, माहामारी, सर्पदंश, सडक दुर्घटना आदि मूख्य विपद्मा पर्दछन् । यसरी बर्षेनी घटिरहने साना ठूला विपद्को विभिन्न घटनाहरु मध्ये बाढी प्रमुख रुपमा देखिन्छ भने पहिरो, भू-क्षय तथा आगलागीका घटनाहरु पनि धेरै नै देखिन्छन् । यस जिल्लाका प्रमुख नदीहरुका रुपमा कर्णाली, मोहना, खुटिया, पथरैया, शिबगंगा, गौरीगंगा, कनरा, गुलरा, गोदावरी, कान्द्रा,चौमाला,मनहरा, लिक्मा, जमरा, कुलरिया, रानी जमरा रहेका छन् भने प्रमुख तालहरुमा घोडाघोडी, जोखर, तिल्को, बेहणाबाबा, कोइलही रहेका छन् । सबै नदीहरु अन्तमा गएर नेपाल र भारतलाई सिमान्तकृत गर्ने मोहना नदीमा मिल्नु र मोहना नदी र कर्णाली नदी मिल्ने दोभानको केही किलो मिटर दक्षिणमा भारतीय भूभाग भित्र कैलाशपुर बांधको निर्माणले गर्दा डुवानको विपद् हुने गरेका नारायणपुर, धनसिंहपुर, लालबोझी, भजनी, खैलाड, रतनपुर, थापापुर, जोशीपुर, पवेरा, हसुलिया, फुलबारी र पहलमानपुर आदि गा.वि.स.हरूमा ठूलो मात्रामा वर्षातको समयमा बाढी आई डुवान र कटानबाट धेरै धनजनको क्षति हुने गरेको छ । बाढीको विपद् पछि उक्त गा. वि. स.मा स्वास्थ्य समस्या (जस्तै मलेरिया, डेंग्गु, भाडापाखाल, आँखा पाक्ने तथा छाला सम्बन्धी रोगहरू) देखापर्दछ । यसरी जनधनको व्यापक क्षति सहित बर्षेनी गईरहने बाढी, पहिरो जस्ता विपद्हरुको भौगोलिक क्षेत्र तथा क्षतिको मात्रा पनि बर्षेनी बढ्दै गईरहेको यथार्थ पनि हामी सबैको सामु छर्लङ्गै छ ।

बाढि पहिरो भुकम्प जस्ता बिभिन्न संम्भावित विपद्को क्षति न्युनिकरणका प्रयासहरु नेपाल सरकारका विभिन्न निकायहरु र अन्य गैह्र सरकारी निकाय मार्फत भईरहेका छन् । विशेष गरी सीमित स्रोत साधनका कारण कैलालीमा विपद् व्यबस्थापन सम्मबन्धी र्कायमा सरकारी र गैह्र सरकारी निकायको अलग अलग प्रयास यथेष्ट र दीगो हूदैन् तसर्थ नेपाल सरकारले अङ्गिकार गरेको एकीकृत विपद्  व्यवस्थापनको रणनीति अनुसार तहगत रुपमा स्थानीय र जिल्ला तहका सरकारी निकाय र सरकारले व्यवस्था गरेका विपद् व्यावस्थापन संरचनाको नेतृत्वमा सरकारी गैह्र सरकारी निकायको एकीकृत प्रयासबाट विपद् व्यावस्थापन दिगो र जिल्ला उत्थानशील बनाउन सकिन्छ ।

यस सन्दर्भमा नेपाल सरकारबाट स्वीकृत “विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६” मा व्यवस्था भए बमोजिम विपद् जोखिम व्यवस्थापनको कार्यलाई विशेष महत्व दिनु पर्ने आवश्यकता छ । सो अनुरूप विपद् जोखिम व्यवस्थापन पद्धतिलाई विकासका विषयगत क्षेत्रमा मूलप्रवाहीकरण गरी विपद् उत्थानशील समाजको विकासको प्रयासलाई अघि बढाउनु जरुरी देखिएको छ । त्यसैले जलवायु परिवर्तन र विपद्जन्य जोखिम व्यवस्थापनलाई केन्द्र देखि स्थानीय तहसम्म विस्तार गरी सबै तहका विकाससम्बन्धी नीति तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्नु पर्ने यथार्थतालाई आत्मसात् गर्दै  जिल्ला तहका सरकारी निकाय एवम् स्थानीय निकाय गैरसरकारी संस्था स्थानीय समुदाय आदिका अतिरिक्त निजी क्षेत्रलाई पनि सहभागी गराउन वाञ्छनीय देखिएको छ । यसरी विभिन्न सार्वजनिक सामुदायिक तथा निजी क्षेत्रको संलग्नता र समन्वयबाट दिगो विकासको मान्यतालाई सुनिश्चित गर्न, स्थानीय स्रोत, साधन तथा क्षमताको अधिकतम् उपयोग गरी विपद् जोखिम व्यवस्थापनलाई सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी र जिम्मेवार बनाउन विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ को मूल भावना तथा मर्मलाई आत्मसात गर्दै स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले दिएको अधिकार प्रयोग गरी “जिल्ला विपद् व्यवस्थापन नीति ‘‘२०७२” स्वीकृत गरी लागु गरिएको छ ।

**उदेश्य :**

जिल्ला विपद् व्यावस्थापन नीतिका निम्न उदेश्यहरु छन्

१ विपद् व्यावस्थापनलाई पारदर्शी, परिणाममूखी, जवाफदेही र प्रभावकारी बनाउन विपद् पूर्वतयारी र प्रतिकार्यका लागि जिल्ला, गाविस र समुदायमा रहेका विभिन्न सरोकारवालाहरु बीच समन्वय सहकार्यको संस्कार सस्थागत गर्ने ।

२ विकास-प्रक्रियामा विपद् व्यवस्थापनलाई मूलप्रवाहीकरण गरी उत्थानशील जिल्लाको विकासलाई सुनिश्चित गर्ने ।

३ विपद् प्रभावित समुदायलाई आपत्कालीन मानवीय सहयोग उपलब्ध गराउन अर्थात् विपद् प्रतिकार्यका लागि आवश्यक पर्ने पूर्वतयारीलाई सुनिश्चित गर्ने ।

४ विपद्पछिको परिवर्तित जोखिमको व्यवस्थापन गरी पुनर्लाभका कार्यक्रम सञ्चालन गरी पुनःस्थापन र पुनर्निर्माणका कार्यलाई सुनिश्चित गर्ने ।

५ विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनसम्बन्धी कार्यक्रमहरूलाई एकीकृत रूपमा सञ्चालन गरी दोहोरोपना हटाउन र यस क्षेत्रमा भएको लगानीको उपयोगलाई सुनिश्चित गर्ने ।

## परिभाषा:

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नीतिमा :

(क) “ऐन” भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ लाई सम्झनु पर्छ ।
(ख) “नियमावली” भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ लाई सम्झनु पर्छ ।
(ग) “राष्ट्रिय रणनीति” भन्नाले नेपाल सरकारबाट स्वीकृत भएको “विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६” लाई सम्झनु पर्छ ।
(घ) “स्थानीय निकाय” भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम गठित जिल्ला विकास समिति, नगरपालिका तथा गाउँ विकास समिति लाई सम्झनु पर्छ ।
(ङ) “विपद्” भन्नाले प्राकृतिक वा गैरप्राकृतिक कारणबाट उत्पन्न विपत्तिपूर्ण अवस्था सम्झनु पर्छ र सो शब्दले कुनै पनि ठाउँमा विपत्तिपूर्ण अवस्था सिर्जना भई जनधनको क्षतिको साथै जीवनयापनमा प्रतिकूल असर परी वा पारी विपद्बाट प्रभावित व्यक्ति वा समुदायको आफ्नै स्रोत र क्षमताबाट समाधान हुन नसक्ने, बाह्य सहयोगको आवश्यकता पर्ने, दुःखद् तथा कष्टपूर्ण प्राकृतिक वा गैरप्राकृतिक विपद् र जलवायु परिवर्तनबाट हुन सक्ने विपत्तिपूर्ण अवस्थालाई समेत सम्झनु पर्छ ।
(च) “जलवायु परिवर्तन” भन्नाले मानिसका प्रत्यक्ष वा अप्रत्यक्ष क्रियाकलापका कारण विश्व- वायुमण्डलको संरचनामा हिजोको स्थितिबाट भिन्न किसिमले आइरहेको परिवर्तनलाई कुनै एक समयावधिमा भएको प्राकृतिक जलवायु परिवर्तनसँग तुलना गर्दा देखिने भिन्नतालाई सम्झनु पर्छ ।
(छ) “विपद् व्यवस्थापन” भन्नाले विपद् जोखिम व्यवस्थापन र न्यूनीकरण, विपद् पूर्वतयारी, विपद् प्रतिकार्य वा विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलापलाई सम्झनु पर्छ ।
(ज) “विपद् जोखिम न्यूनीकरण” भन्नाले विपद्पूर्व गरिने विपद् जोखिम विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम, विपद् अल्पीकरण तथा विकास कार्यमा विपद् जोखिम न्यूनीकरणको मूलप्रवाहीकरणसँग सम्बन्धित कार्य सम्झनु पर्छ ।
(झ) “पूर्वतयारी” भन्नाले विपद् हुनुपूर्व सम्भावित विपद्को प्रतिकारको लागि गरिने सबैप्रकारका तयारी र विपद्को सम्भावित जोखिम व्यवस्थापन र न्यूनीकरणका कार्यसमेतलाई सम्झनु पर्छ ।
(ञ) “विपद् प्रतिकार्य” भन्नाले विपद्को घटना हुनासाथ तत्कालै गरिने खोजी तथा उद्धार एवं राहत वितरणसँग सम्बन्धित कार्य र त्यसका लागि गरिने आवश्यक अन्य कार्यलाई सम्झनु पर्छ ।

(ट) “विपद् पुनर्लाभ” भन्नाले विपद्को घटनापछि गरिने आजीविकाको व्यवस्था, पुनःस्थापना, पुनर्निर्माण तथा दिगो विकाससँग सम्बन्धित कार्यलाई सम्झनु पर्छ।
(ठ) “योजना” भन्नाले यस निर्देशिकाबमोजिम तयार हुने स्थानीय विपद् व्यवस्थापन योजनालाई सम्झनु पर्छ।

**नीति :**

माथि उल्लिखित उदेश्य हासिल गर्न जिल्ला बिकास समितिले निम्न नीति लागू गरेको छ।

**(क) विपद् प्रतिकार्य**

१ : विपदबाट हुने क्षतिको प्रभाबाकरी प्रतिकार्यका लागि सूचना, खोज तथा उद्धार, प्राथामिक उपचार, क्षति आंकलन र आबश्यकता पहिचानका दक्ष जनशक्तिहरु जिल्ला तहमा प्रभाबति गाबिस र समुदाय तहमा तयारी अबश्थामा राखिने छ । विपद्बाट प्रभावित हुन सक्ने समुदायको तथ्यांकहरु प्रत्येक बर्ष संकलन गरी सम्बन्धित सरोकारवालाहरुलाई उपलब्ध गराई आबश्यक तयारी अवस्थामा रहन सुचित गरिनेछ।

२: स्थानिय रुपमा जनस्तरबाट विपद्को समयमा अपनाउनुपर्ने उपायका सम्बन्धमा जनचेतना अभिवृदि गरिनुका साथै आपतकालीन् उद्धार अभ्यास गरिनेछ । त्यस्तो अभ्यास कार्यमा र वास्तविक आपत्कालिन अवस्थामा पनि जिल्ला दैवीप्रकोप उद्धार समितीको समन्वयमा स्थानीय प्रशासन स्थानीय निकाय प्रहरी, जनसमुदाय सेना तथा अन्य स्वयम्सेवी उद्धार संस्थाहरु समन्वयात्मक ढंगबाट परिचालन गरिनेछ।

३: आकस्मिक उद्धार तथा राहातका लागि विभिन्न ठाउँहरुमा निर्माण सामग्री उपकरण एवम् औषधी र खाद्य वस्तु लगाएतका उद्धार तथा राहत सामाग्रीहरुका व्यवस्था गर्न उद्धार तथा भण्डारण केन्द्रको स्थापना गरिनेछ।

**(ख) विपद् जोखिम न्यूनीकरण**

४ : विपद् जोखिम क्षेत्रलाई जोखिमको आधारमा निम्नानूसार वर्गीकरण गरिनेछ।

अ :उच्च जोखिम क्षेत्र,
आ: मध्यम जोखिम क्षेत्र,
इ : न्यून जोखिम क्षेत्र,

विपद् जोखिम क्षेत्रका वर्गीकृत जोखिम नक्साहरु जिल्ला दैविप्रकोप उद्धार समिति तथा जिल्ला विपद् व्यावस्थापन समितिले तयार गरी त्यससम्बन्धी सूचना सर्वसुलभ गराउनेछ।

५ : विपद् व्यावस्थापनमा कार्य गर्ने संघ सस्थाहरुले अनिबार्य रुपमा जिल्ला विकास समिति र गाबिसको कार्यलयमा कार्यक्रमको जानकारी पेश गर्ने र गाबिस छनौटमा जिबिसको सिफारिस लिनुको साथै कार्यक्रम कार्यान्वयनका लागि जिल्ला विपद् व्यावस्थापन योजना तर्जुमा निर्देशिका र स्थानिय विपद् व्यावस्थापन योजना तर्जुमा निर्देशिकाको मर्म अनुरुप कार्यान्वयन गर्ने सुनिश्चित गराई कार्यक्रम कार्यान्वयन गर्ने परिपाटि वसालिने छ।

६: विपद् प्रभाबित क्षेत्रमा  निमार्ण गरिने विशेष गरी विपद् जोखम न्यूनिकरण गर्ने भौतिक संरचनाहरुको लागि निश्चितमापदण्डहरु निर्धारण गरिनेछन् । विपद् प्रभाबित सुदायमा विपद्को प्रकृति अनुरुपका अल्पकालीन र दीर्धकालीन रुपमा संरचनात्मक तथा गैरसंरचनात्मक उपायहरु अबलम्बन गरिनेछन् ।

७: विपद्  प्रभावित क्षेत्रलाई विपद्को जोखिम र संवेदनशीलता अनुसार प्राथमिकरण गरिनेछ  र सो अनुसार उपलब्ध स्रोत र साधनबाट जनसहभागिता समेत परिचालन गरी विपद् जोखिम न्यूनीकरणका उपायहरु गुरु योजना समेत तयार गरी क्रमश: कार्यान्वियन गरिनेछन् ।

८ : जिल्ला तहमा र विपद् प्रभाबित गाबिस तथा समुदायमा विपद्को सामना गर्ने क्षमता अभिबृद्धिका लागि जिल्लाका सरकारी निकायमा रहेका दक्ष जनशक्तिलाई गाबिसका विपद् व्यावस्थापन समितिहरुलाई र गाबिसका दक्ष जनशक्तिहरु मार्फत समुदायका विपद् व्यावस्थापन समितिको क्षमता अभिबृद्धि गराईने छ यसका लागि जिल्ला विकास समितिले गाबिसमा कार्यरत विभिन्न सरोकारवालाहरुलाई तालिम तथा अन्य विपद् व्यावस्थापन क्रियाकलापका बिधि तौर तरीकाहरुका वारेमा जानकारी गराउने छ ।

९ : स्थानीय विपद् व्यवस्थापन समिति गठन भई विपद् व्यावस्थापन योजना वनेका गाबिस तथा उ.म.न.पा.लाई नियमित अध्यावधिक र नबनेका गा.वि.स.हरु तथा न.पा.मा योजना बनाउन निर्देशन दिईनेछ र प्रत्येक बर्ष जिल्ला तहमा स्थानीय विपद् व्यावस्थापन योजनाको जानकारी गराउन कार्यशाला राखि यिनै योजनाका आधारमा जिल्ला विपद् व्यावस्थापन योजनाको अध्याबधिक गरिने छ र प्राथामिकता प्राप्त कृयाकलापलाई जिल्ला बिकास योजनामा समाहित गरिनेछ ।

१०: समुदाय तहमा बनेका विपद् योजनालाई जिबिसको १४ चरणको योजना तर्जुमा प्रक्रियामा नागरीक वडा मञ्चको बैठक बाटै सम्बोधन गर्न गाबिसलाई निर्देशन दिईने छ ।

११: जिल्लामा रहेका सरोकारवालाको क्षमता आंकलन गरी स्थानीय स्तरमा वनेका योजनालाई कार्यान्वियन गर्नका लागि सहकार्य गरिने छ । स्थानिय स्तरमा विपद् तथा जलबायु अनुकूलनका योजनाहरु एकिकृत रुपमा बनाई सबैको स्वीकार्यतालाई सुनिस्चित गरिनेछ र सस्था सस्थाका अलग अलग योजना बनाउने संस्कारलाई निरुत्साहित गरिने छ । स्थानिय स्तरमा गाबिसको नेतृत्वमा मात्र यस्ता योजनाहरु सबै सरोकारवालाहरुलाई प्रेरित गरिने छ ।

**(ग) पुनर्लाभ**

१२: विपद् पश्चातका अवस्थामा विपद् प्रभावितहरुलाई सामान्य अवस्थामा फर्काउनका लागि उनीहरुको वास्तविक आवश्यकतालाई पहिचान गरि जिल्लाका सबै सरोकारवालाहरुको समन्वय सहकार्यमा सम्वोधन गरिनेछ ।

१३: विस्तृत आबश्यकता पहिचानको प्रतिबेदन तयार पारी सबै सरोकारवालाहरुलाई प्रदान गरी समन्वायात्मक सहकार्यलाई सुनिस्चित गरिने छ ।

१४: विपद् व्यावस्थापनका लागि पुर्वतयारीका बिगतमा भएका रणनितिहरुलाई समिक्षा गरी उपयुक्त रणनीति तथा कार्यबिधि बनाई लागु गरिने छ ।

१५: विपद्बाट परेको प्रभाव र यसको सिकाईलाई मध्य नजर गरी विपद्को क्षति कम गर्न सक्ने संरचनाहरु बनाउन निर्देशन दिईने छ ।

**(घ.) संस्थागत व्यवस्था र विकास**

१६: नेपाल सरकारको जिल्ला तह देखि सममुदाय तह सम्म रहेका संरचनाहरुको नेतृत्वमा विपद् सम्बन्धी कृयाकलापहरु जिल्ला बिपद् व्यावस्थापन योजना तर्जुमा निर्देशिका २०६९ र स्थानीय विपद् व्यावस्थापन योजना तर्जुमा निर्देशिका २०६८ को मूल मर्मलाई आत्मसात गरी सरकारी तथा गैह्र सरकारी सस्थाहरुलाई सचेतीकरण गरिने छ । विपद् व्यावस्थानका लागी जिल्ला स्तरमा भएका कृयाकलापहरुको पारदर्शी, परिणामुखी, जवाफदेही र प्रभावकारिताको मूल्यांकन जिल्ला बिकास समितिको अनुगमन र गाबिसको अनुगमन समितिले तयार पारि सम्बन्धित निकायलाई पृष्ठ पोषण दिईने छ ।

१७ : नेपाल सरकारले अङ्गिकार गरेको एकीकृत विपद् व्यवस्थापनको रणनिति अनुसार दिगो विकासका लागि विपद् व्यवस्थापन एक अभिन्न भागको रुपमा लिई सरकारी गैह्र सरकारी निकायका योजना तथा कार्यक्रममा समाहित गर्न प्रेरित गरिने छ यसमा निजी क्षेत्रलाई पनि प्राथमिकताकासाथ सहभागी गराईने छ ।

१८ : जिल्ला, गाबिस र समुदाय तहका बिभिन्न विपद् संरचनाहरु विचको अन्योन्यश्रित सम्बन्ध स्थापित गरिने छ क्षमता अभिबृद्धिका लागि जिल्ला गाबिस र समुदाय तहमा माथिल्लो निकाय बाट तल्लो निकायमा र योजना तर्जुमा तल्लो निकाय बाट माथिल्लो निकायमा पठाउने र योजनाहरुको माथिल्लो निकायले सम्बोधन गर्ने सस्कारको स्थापना गरिने छ । जिल्लामा रहेका सबै सरोकारवालाहरुले योजना बनि सकेका समुदाय गाबिसमा योजनालाई कार्यान्वयन गर्ने परिपाटि बसालिने छ ।